गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल
✆ ९८५८०६५१११

प.सं. : २०८१/०८२
च. नं. : ४४६९

मिति : २०८२।०१।२४

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

**श्री जो जससंग सम्बन्धित छ ।**

सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका अन्तर्गत श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय भुल्के गुर्भाकोट-९, सुर्खेतमा चालु शैक्षिक सत्रमा शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ७ को उपदफा २ बमोजिम अनिवार्य अवकास भई रिक्त हुने प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रकृया अगाडी बढाइदिन भनी विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०१।२१ गतेको निर्णय, च.नं.०२ र मिति २०८२।०१।२१ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहमा सुर्खेत जिल्ला अन्तर्गत कार्यरत स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च :**

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल nerapravibhulke@gmai.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारबाही हुने छैन ।

**नोट : सम्पर्क मोबाइल नं. ९८४४८४००२२**

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ सुर्खेत ।
श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर ।
श्री श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय भुल्के गुर्भाकोट-९, सुर्खेत ।
श्री सूचना तथा प्रविधि शाखा : सूचना वेवसाइट अपलोड गरिदिनुहुन । साथै तोकिएको इमेलमा पठाइदिनुहुन ।

२०८२।०१।२४
(आईती चौधरी)
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner